फोन नं ०१६६३३६२४

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
अनुसन्धान तथा गुणस्तर सुधार शाखा
सानोठिमी, भक्तपुर

प.स. :
च.नं. : ३१

मितिः २०८०/१२/१८

**विषय: शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान सम्वन्धी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध।**

श्री स्थानीय तह, सबै।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै।
श्री विद्यालय, सबै।

शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान **सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता** भन्ने आदर्श वाक्यका साथ विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षासम्वन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न विविध कार्यक्रमसहित देहाय बमोजिम गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

१. सबै स्थानीय तहले विद्यार्थी भर्ना अभियान कार्यक्रमको नेतृत्व गर्नुहुन, विद्यालयले विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्नुहनु र शिक्षा विकास तथा समन्वय इकाइले विद्यार्थी भर्ना अभियान कार्यक्रममा आवश्यक समन्वय र सहजीकरण गर्नुहुन।

२. सार्वजनिक जीवनमा रहेका व्यक्ति, कलाकार, राजनैतिक व्यक्ति, नागरिक समाज, पत्रकार, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, बाल क्लव, विद्यालयको उच्चतम तहका विद्यार्थी, आमा समूह, शिक्षा क्षेत्रमा कार्यरत संघसंस्था आदिसँग हालेमालो गर्दै विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका, सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्ता भएका बालबालिकाको पहिचान तथा भर्ना गर्न प्रोत्साहित गर्ने कार्यमा परिचालन गर्नु गराउनु हुन।

३. २०८१ वैशाख पहिलो हप्ता विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गर्न हुन र दोस्रो हप्ता देखि बैशाख मसान्त सम्म नियमित पठनपाठनका साथै घरदैलो लगायतका कार्यक्रम सञ्चालन गरी विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका सबै बालबालिका विद्यालयमा भर्नाको पहल गर्नुहुन।

४. विद्यालय तहका पाठ्यपुस्तक २०८० चैत्र १५ गते बाट नै बिक्री वितरण शुरु भइ सकेको हुदाँ विद्यालयले समयमै पाठ्य पुस्तक खरिद गरी नयाँ शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीलाई वैशाख महिनाको पहिलो हप्तामै पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था मिलाउनु हुन।

५. विद्यालयहरुलाई आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालसमेतका माध्यमबाट सूचना प्रवाह गरी भर्ना गर्न लगाउने व्यवस्था मिलाउनु हुन।

६. अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाको पढाइमा निरन्तर सहयोग गर्ने व्यक्तिहरुको उचित पहिचान, सम्मान र अभिलेख राख्ने व्यवस्था मिलाउनु हुन।

७. सामुदायिक सिकाइ केन्द्रहरुलाई विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत सङ्कलन गर्न लगाई विद्यालयमा भर्ना गर्नको लागि समन्वय र प्रचार प्रसार आदिमा परिचालन गर्ने व्यवस्था मिलाउनु हुन।

८. विद्यालयहरुले विद्यालय व्यवस्थापन समितिबाट विद्यार्थी भर्ना अभियान कार्यक्रमको कार्यतालिका स्वीकृत गरी सोही अनुरुप विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुन।

९. विद्यार्थी भर्ना अभियान कार्यक्रमको सम्वन्धमा आवश्यक सूचना, समन्वय र सहजीकरणको लागि स्थानीय तहमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी जिम्मेवारी प्रदान गर्न आवश्यक व्यवस्था मिलाउनु हुन । साथै विद्यालय स्तरमा

फोन नं ०१६६३३६२४

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

अनुसन्धान तथा गुणस्तर सुधार शाखा
सानोठिमी, भक्तपुर

समेत एकजना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारीको व्यवस्था मिलाउनु हुन।

१०. विद्यालयमा भर्ना भएका बालबालिकाको उमेरगत विवरणसहितको प्रतिवेदन विद्यालयले स्थानीय तहमा पेश गर्नुहुन, स्थानीय तहले विद्यार्थी भर्ना अभियानको समष्टिगत प्रतिवेदन सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने व्यवस्था गर्नुहुन र शिक्षा विकास तथा समन्वय इकाइले विद्यार्थी भर्ना अभियान कार्यक्रमको समष्टिगत प्रतिवेदन २०८१ जेठ १५ गते सम्म शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेश गर्नुहुन।

११. सबै स्थानीय तह तथा सामुदायिक विद्यालयले विपन्न लक्षित छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि विद्यार्थीहरुलाई पिएमटि फाराम भर्न लगाउनु हुन।

..............................
गोविन्दराज पोखरेल
निर्देशक

# शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान सम्बन्धी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध

**श्री स्थानीय तह, सबै ।**

**श्री शिक्षा विकास तथा समन्वय इकाइ, सबै ।**

**श्री विद्यालय, सबै ।**

शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्ना अभियान **सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता** भन्ने आदर्श वाक्यका साथ विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चितता गर्न विविध कार्यक्रम सहित देहाय बमोजिम गर्नुहुन अनुरोध छ।

**तपसिल**

१. सबै स्थानीय तहले विद्यार्थी भर्ना अभियान कार्यक्रमको नेतृत्व गर्नुहुन, विद्यालयले विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्नुहुन् र शिक्षा विकास तथा समन्वय एकाइले विद्यार्थी भर्ना अभियान कार्यक्रममा आवश्यक समन्वय र सहजीकरण गर्नुहुन

२. सार्वजनिक जीवनमा रहेका व्यक्ति, कलाकार, राजनैतिक व्यक्ति, नागरिक समाज, पत्रकार, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, बालक्लब, विद्यालयको उच्चतम तहका विद्यार्थी, आमा समूह, शिक्षा क्षेत्रमा कार्यरत सङ्घ/संस्था आदिसँग हातेमालो गर्दै विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका, सीमान्तकृत समुदायका बालबालिका तथा अपाङ्गता भएका बालबालिकाको पहिचान तथा भर्ना गर्न प्रोत्साहित गर्ने कार्यमा परिचालन गर्न् गराउनुहुन ।

३. २०८१ वैशाख पहिलो हप्ता विद्यार्थी भर्ना तथा स्वागत कार्यक्रम सञ्चालन गर्नुहुन र दोस्रो हप्तादेखि वैशाख मसान्तसम्म नियमित पठनपाठनका साथै घरदैलो लगायतका कार्यक्रम सञ्चालन गरी विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका सबै बालबालिका विद्यालयमा भर्नाको पहल गर्नुहुन ।

४. विद्यालय तहका पाठ्यपुस्तक २०८० चैत १५ गतेबाट नै बिक्री वितरण सुरु भइसकेको हुँदा विद्यालयले समयमै पाठ्यपुस्तक खरिद गरी नयाँ शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीलाई वैशाख महिनाको पहिलो हप्तामै पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था मिलाउनुहुन ।

५. विद्यालयहरूलाई आ-आफ्नो सेवा क्षेत्र भित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जाल समेतका माध्यमबाट सूचना प्रवाह गरी भर्ना गर्न लगाउने व्यवस्था मिलाउनुहुन ।

६. अभिभावकविहीन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाको पढाइमा निरन्तर सहयोग गर्ने व्यक्तिहरूको उचित पहिचान, सम्मान र अभिलेख राख्ने व्यवस्था मिलाउनुहुन ।

७. सामुदायिक सिकाइ केन्द्रहरूलाई विद्यालय बाहिर रहेका बालबालिकाहरूको लगत सङ्कलन गर्न लगाई विद्यालयमा भर्ना गर्नका लागि समन्वय र प्रचार-प्रसार आदिमा परिचालन गर्ने व्यवस्था मिलाउनुहुन ।

८. विद्यालयहरूले विद्यालय व्यवस्थापन समितिबाट विद्यार्थी भर्ना अभियान कार्यक्रमको कार्यतालिका स्वीकृत गरी सोही अनुरूप विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनुहुन ।

९. विद्यार्थी भर्ना अभियान कार्यक्रमको सम्बन्धमा आवश्यक सूचना, समन्वय र सहजीकरणका लागि स्थानीय तहमा एक जना कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी जिम्मेवारी प्रदान गर्न आवश्यक व्यवस्था मिलाउनुहुन । साथै विद्यालय स्तरमा समेत एक जना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारीको व्यवस्था मिलाउनुहुन ।

१०. विद्यालयमा भर्ना भएका बालबालिकाको उमेरगत विवरण सहितको प्रतिवेदन विद्यालयले स्थानीय तहमा पेस गर्नुहुन, स्थानीय तहले विद्यार्थी भर्ना अभियानको समष्टिगत प्रतिवेदन सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइमा पठाउने व्यवस्था गर्नुहुन र शिक्षा विकास तथा समन्वय एकाइले विद्यार्थी भर्ना अभियान कार्यक्रमको समष्टिगत प्रतिवेदन २०८१ जेठ १५ गतेसम्म शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पेस गर्नुहुन ।

११. सबै स्थानीय तह तथा सामुदायिक विद्यालयले विपन्न लक्षित छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि विद्यार्थीहरूलाई पिएमटी फाराम भर्न लगाउनुहुन ।



मिति २०८०।१२।१६ को गोरखापत्रमा प्रकाशित